आज मिति २०७६ [illegible] गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा तपशिल वमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ४९ औ वैठक वसि तपसिल वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा (अध्यक्ष) | |
| २ | श्री मिना कुमारी सोमै मगर (उपाध्यक्ष) | |
| ३ | श्री बसन्त बहादुर जि.सी. (वडा अध्यक्ष, २ नं. वडा) | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर (वडा अध्यक्ष, ४ नं. वडा) | |
| ५ | श्री भिम बहादुर मर्सांगी मगर (वडा अध्यक्ष, ३ नं. वडा) | |
| ६ | श्री तुल बहादुर रोका मगर (वडा अध्यक्ष, ६ नं. वडा) | |
| ७ | श्री मुकुन्दराज शर्मा (वडा अध्यक्ष, १ नं. वडा) | |
| ८ | श्री सन्त बहादुर वराल मगर (वडा अध्यक्ष, ५ नं. वडा) | |
| ९ | श्री मोहम्मद हलिम हलुवाई (कार्यपालिका सदस्य) | — |
| १० | श्री टंक प्रसाद सुनार (कार्यपालिका सदस्य) | |
| ११ | श्री सुशिला के.एम. (कार्यपालिका सदस्य) | |
| १२ | श्री चन्द्रिमा थापा मगर (कार्यपालिका सदस्य) | — |
| १३ | श्री जिवा सुनार (कार्यपालिका सदस्य) | |
| १४ | श्री खिमा सुवेदी (कार्यपालिका सदस्य) | |
| १५ | श्री अमर बहादुर वली (सचिव) | |

अन्य उपस्थिति:

| क्र.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री लक्ष्मण आचार्य (अधिकृत छैठौं) | |
| २ | श्री निर्मल पाण्डे (सह लेखापाल) | |
| ३ | श्री गोविन्द प्रसाद पोखेल (कार्यालय सहयोगी) | |

Scanned with CamScanner

प्रस्ताव नं. १-आर्थिक सहायता सम्वन्धमा।

निर्णय नं. १-देहायका संस्था र व्यक्तिलाई तपसिल वमोजिमको शिर्षकको निम्न वमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

| क.स. | व्यक्ति/संस्थाको नाम र ठेगाना | रकम | रकम खर्च हुने शिर्षक |
|---|---|---|---|
| १ | झविकला क्षेत्री, सरुमारानी २ | रु. १०,०००।- | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| २ | हुम बहादुर गुरुङ, सरुमारानी २ | रु. २०,०००।- | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |

प्रस्ताव नं. २-मर्मत सम्भार कोषको रकम विनियोजन सम्वन्धमा।

निर्णय नं. २-मर्मत सम्भार कोषवाट देहाय वमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

क) ओज्जेनी पाङवाङ मोटरवाटो मर्मत-रु. १,००,०००।– (अक्षेरुपी एक लाख)
ख) थक्लेनी मुर्कुटी मोटरवाटो मर्मत-रु. १,००,०००।– (अक्षेरुपी एक लाख)
ग) बडडाँडा ऐरावती मोटरवाटो मर्मत-रु. १,००,०००।– (अक्षेरुपी एक लाख)
घ) दर्भान ऐरावती मोटरवाटो मर्मत-रु. १,००,०००।– (अक्षेरुपी एक लाख)
ङ) स्वर्गद्वारी गेट गनाह मोटरवाटो मर्मत-रु. १,००,०००।– (अक्षेरुपी एक लाख)
च) बडडाँडा धनकोट मोटरवाटो मर्मत-रु. ५०,०००।– (अक्षेरुपी पचास हजार)
छ) बडडाँडा पनाहा मोटरवाटो मर्मत-रु. ७५,०००।– (अक्षेरुपी पचहत्तर हजार)
ज) बडडाँडा पुठाखोला मोटरवाटो मर्मत-रु. १,००,०००।– (अक्षेरुपी एक लाख)
झ) सामुदायिक स्वास्थ्य ईकाई तिराम प्लासेन्टा पिट-रु. ३५,०००।– (अक्षेरुपी पैतिस हजार)

प्रस्ताव नं. ३-गाउँपालिका नगर प्रहरी सम्वन्धी विविध विषयमा।

निर्णय नं. ३-गाउँपालिका नगर प्रहरी सम्वन्धी देहाय वमोजिम निर्णय गरियो ।

- वरिष्ठ गाउँपालिका नगर प्रहरीको मासिक तलव स्केलःरु. १५,५००।– (अक्षेरुपी पन्ध्र हजार पाँच सय) कायम गर्ने
- गाउँपालिका नगर प्रहरीको मासिक तलव स्केलःरु. १४,०००।– (अक्षेरुपी चौध हजार ) कायम गर्ने
- वरिष्ठ गाउँपालिका नगर प्रहरी/गाउँपालिका नगर प्रहरीलाई प्रत्येक वर्ष रु. १०,०००।– पोशाक भत्ता प्रदान गर्ने, गाउँपालिका नगर प्रहरी (वरिष्ठ समेत) को पोशाक खाकी रंगको तोक्ने
- प्रतिष्प्रर्धावाट छनौट भएका गाउँपालिका नगर प्रहरीलाई सुरक्षा सम्वन्धी १(एक) महिने तालिम संचालन गर्ने, उक्त तालिमको लागि जिल्ला प्रहरी कार्यालय, प्यूठानमा अनुरोध गर्ने, उक्त तालिम संचालन गर्न खटिने प्रशिक्षकलाई दुई जनालाई दैनिक रु. १,०००।– (अक्षेरुपी एक हजार) का दरले ३० दिनको रु. ६०,०००।– (अक्षेरुपी साठी हजार) र प्रशिक्षकहरुलाई खाजाको दैनिक रु. १००।– (अक्षेरुपी एक सय) का दरले ३० दिनको रु. ६,०००।– (अक्षेरुपी छ हजार) भुक्तानी दिने
- परीक्षणकाल समाप्त भएपछी वरिष्ठ गाउँपालिका नगर प्रहरी/गाउँपालिका नगर प्रहरीलाई मासिक रु. २,२५०।– (अक्षेरुपी दुई हजार दुई सय पचास) राशन भत्ता प्रदान गर्ने
- वरिष्ठ गाउँपालिका नगर प्रहरीको लागि न्यूनतम योग्यता कम्तीमा एस.एल.सी वा सो सरह परीक्षा उत्तिर्ण भएको हुनुपर्ने व्यवस्था भएकोमा सो संशोधन गरी कम्तीमा आठ कक्षा परीक्षा उत्तिर्ण गरेको भन्ने र उमेरको हकमा २५ वर्ष पूरा भई ४० वर्ष ननाघेको भन्ने व्यवस्था रहेकोमा २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको भन्ने कायम गरी २१(एक्काईस) दिने पुनःविज्ञापन प्रकाशन गर्ने

Scanned with CamScanner

- गाउँपालिकाको नगर प्रहरी (वरिष्ठ समेत), ल्याव असिष्टेण्ट र अ.न.मी. पदपूर्ति तथा छनौट समितिको खर्च लोकसेवा आयोगको निर्देशिका अनुसार प्रशासनिक खर्च तर्फको मिल्दोजुल्दो शिर्षकबाट खर्च गर्ने

प्रस्ताव नं. ४-सशक्तिकरण कार्यक्रम कार्यान्वयन सम्वन्धमा।

निर्णय नं. ४-यस गाउँपालिकाको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विषयगत शिर्षक लैंगिक समानता तथा सामाजिक समावेशीकरण वमोजिम क.स. १३ मा रहेको सशक्तिकरण कार्यक्रम देहाय वमोजिम संचालन गर्ने निर्णय गरियो ।

| सरुमारानी गाउँपालिका,प्यूठान | | | |
|---|---|---|---|
| सशक्तिकरण ( महिला, बालबालिका, अशक्त, अपांग , अल्पसंख्यक, जेष्ठ नागरिक समुदायको सशक्तिकरण)को लागि कार्यक्रमहरु | | | |
| सि. नं. | कार्यक्रम | कार्यक्रम हुने स्थान | प्रस्तावित बजेट रु. हजारमा |
| १ | महिला सम्वन्धी कार्यकम | गा.पा. | २७५ |
| २ | तिज गित प्रतियोगिता सबै वडामा | गा.पा. | ७५ |
| २ | बालवालिका र किशोर किशोरी सम्वन्धी कार्यकम | गा.पा. | १५० |
| ३ | अपांगता सम्वन्धी कार्यकम | गा.पा. | १०० |
| ४ | जेष्ठ नागरिक सम्वन्धी कार्यकम | गा.पा. | ५० |
| ५ | धामी, कुमाल, कुसुण्डा, राउटे सम्वन्धी कार्यकम | गा.पा. | १५० |
| | जम्मा | | ८०० |

**<u>महिला सम्वन्धी, बालवालिका र किशोर किशोरी सम्वन्धी, अपांगता सम्वन्धी कार्यकम, जेष्ठ नागरिक सम्वन्धी कार्यकम देहाय वमोजिम संचालन गर्ने:</u>**

वार्षिक कार्यक्रम २०७६/०७७ बजेट रु. हजारमा

| सि.नं | क्रियाकलाप | ईकाई | वार्षिक लक्ष्य | |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| | | | परिमाण | बजेट |
| क | महिला विकास तर्फ | | | |
| १ | महिला पुरुष सम विकास तालिम | पटक | १ | ५०।- |
| २ | लैङ्गिक तथा प्रजनन स्वास्थ्य तालिम | पटक | १ | ४०।- |
| ३ | गाउं पालिका स्तरीय महिला हरुलाई आङ खस्ने तथा सेतो पानी बग्ने समस्याको शिविर | पटक | १ | ८५।- |
| ४ | महिला विकास समिति तथा महिला जनप्रतिनिधिहरुलाई बोल्ने कला तथा प्रस्तावना लेखन तालिम ३ दिने | पटक | १ | ५० |
| ५ | महिला विकास समितिहरुलाई लेखापालन तालिम ३ दिने | पटक | १ | ५०।- |
| जम्मा | | | | २७५।- |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ख | बालबालिका र किशोर किशोरीतर्फ | | | |
| १ | बालबालिका,शिक्षक ,अभिभावक बिच बाल संरक्षण तथा बाल विवाह न्यूनिकरण सम्बन्धी अर्न्तक्रिया कार्यक्रम | पटक | १ | ७०।- |
| २. | स्थानीय पूर्वाधार निर्माण कार्यवारेमा अपाङ्गमैत्री,बाल मैत्री,ज्येष्ठ नागरीक मैत्री वनाउने सम्बन्धमा सरोकारवाला बिच अर्न्तक्रिया कार्यक्रम | पटक | १ | ६०।- |
| ३. | सूचना मूलक ब्रोसर स्टिकर प्रकाशन | पटक | १ | २०।- |
| जम्मा | | | | १५०।- |
| ग | अपाङ्गता तर्फ | | | |
| १. | आर्थिक रुपले कमजोर तथा अशक्त व्यक्तिहरुलाई सहायक सामाग्री वितरण | पटक | १ | ३०।- |
| ३. | दिवसीय कार्यक्रम | पटक | १ | २० ।- |
| ४. | वडा स्तरीय अपाङ्गता सन्जाल गठन तथा अभिमूखीकरण कार्यक्रम जनप्रतिनिधि समेत | पटक | १ | ५०।- |
| जम्मा | | | | १०० ।- |
| घ | ज्येष्ठ नागरिक तर्फ | | | |
| १ | अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम | पटक | १ (२ विद्यालय) | ३०।- |
| २ | दिवसीय कार्यक्रम | | | २० ।- |
| जम्मा | | | | ५० ।- |
| जम्मा | क,ख,ग,घ | | | ५७५।- |

प्रस्ताव नं. ५-ध्यानाकर्षण सम्वन्धमा ।

निर्णय नं. ५-मिति २०७६।४।२४ गते सरुमारानी गाउँपालिका वडा नं. ४ मा अवस्थित ऐरावती बहुउद्देश्यीय साना किसान सहकारी संस्था लिमिटेडको कार्यालयमा अन्दाजी राती १ बजे अज्ञात समूहवाट तोडफोड गरी सहकारीको लकरमा मौजुदा भनिएको रु. ११,४५,६७५।– चोरी भएको घटनाको समाचारले गाउँ कार्यपालिका स्तब्ध भएको छ । यस गाउँपालिकामा रहेका सहकारी संस्थाहरु मध्ये कृषि तथा पशुपालनको उत्पादन वृद्धि, उत्पादित वस्तुको संकलन तथा वजारीकरण कार्यमा अव्वल भूमिका निर्वाह गर्दै सहकारीको पूँजीलाई अभिवृद्धि गर्दै सहकारीमा आवद्ध किसानहरुको समृद्धितर्फ डोराउदै गएको सहकारीको ठूलो धनराशी चोरी हुनुले संस्थालाई आर्थिक संकटमा धकेलिएको छ । तसर्थ, सुक्ष्म र तिव्र अनुसन्धान गरी दोषी पत्ता लगाई रकम असुल उपर गरी दोषी माथी कडा भन्दा कडा सजाय दिलाउन प्रशासनिक निकायको गम्भीर ध्यानकर्षण गर्दै उक्त घटनाको विषयमा कुनै सूचना जानकारी देखिएमा अनुसन्धानकर्तालाई तत्काल जानकारी गराउन आम समुदायलाई हार्दिक अपिल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६-योजनाको पेश्की रकम सम्वन्धमा।

निर्णय नं. ६-यस गाउँपालिका भित्र आ.व. २०७६/७७ मा सम्पन्न गर्नुपर्ने देहाय वमोजिमका योजनाहरुमा मात्र धरौटी नराखेता पनि २० प्रतिशत पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

क) ददेरी खानेपानी योजना